व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

**An ISO 9001: 2015 Certified Academy**

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

qualityaustria SYSTEM CERTIFIED ISO 14001:2015 No. 27757/0

MEMBER OF IQNET

चौमासिक बुलेटिन वर्ष ३ अङ्क २ (२०७९ मंसिर – फागुन)

## यस अङ्कमा......


- प्रशिक्षण परिषद्को पाँचौं बैठक
- सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम
- प्रशिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण
- LISA / FRA सम्बन्धी प्रशिक्षण
- क्षमता विकास सम्बन्धी प्रशिक्षणहरू
- दिवसीय कार्यक्रमहरू
- कार्य सञ्चालन कार्यविधि (SOP) को अभिमुखीकरण


## प्रशिक्षण परिषद्को पाँचौं बैठक सम्पन्न

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा रहेको प्रशिक्षण परिषद्को पाँचौ बैठक परिषद्का अध्यक्ष तथा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री खगराज अधिकारीको अध्यक्षतामा २०७९ फागुन ५ गते सम्पन्न भयो । उक्त बैठकमा प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश नीति तथा




योजना आयोगका उपाध्यक्ष, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, गण्डकी विश्वविद्यालयका उपकुलपति, प्रदेश सरकारका सचिवहरु र मनोनित सदस्यहरू सहित जम्मा १५ जना पदाधिकारीहरूको उपस्थिति रहेको थियो । बैठकमा प्रतिष्ठानबाट हालसम्म सम्पादन गरेका क्रियाकलापहरूको प्रगति समीक्षा गरिएको थियो । सो बैठकले प्रतिष्ठानको कर्मचारी सेवाशर्त सम्बन्धी विनियमावलीलाई परामर्शका लागि प्रदेश लोक सेवा आयोगमा पठाउने र प्रतिष्ठानद्वारा सञ्चालन गरिने सेवाकालीन तालिमलाई व्यवस्थित गर्नको लागि निर्माण गरिएको सेवाकालीन तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरेको थियो ।




## सहायकस्तरका कर्मचारीहरूको सेवाकालीन तालिम सम्पन्न

गण्डकी प्रदेश अन्तरगतका संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सहायकस्तर (खरिदार, नायब सुब्बा एवम् सहायकस्तर चौथो र पाँचौं तह) का कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले सञ्चालित ३० कार्यदिने सेवाकालीन तालिम सम्पन्न भयो । मंसिर १२ गतेबाट प्रारम्भ गरिएको उक्त तालिम पौष २० गते समापन भएको थियो । दुई समूहमा सञ्चालित उक्त तालिममा






४३ जना पुरुष र १३ जना महिला गरी जम्मा ५६ जना सहभागी भएका थिए । तालिममा विभिन्न १० वटा विषयगत मोड्युलहरूमा सैद्धान्तिक तथा स्थलगत अध्ययन, प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण भएको थियो । तालिमका सहभागीहरूलाई पाठ्यक्रम बमोजिम मूल्याङ्कन समेत गरी प्रदेश सरकारका निवर्तमान माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलबाट प्रमाण-पत्र वितरण सहित दीक्षान्त कार्यक्रम सम्पन्न भएको थियो ।

## आधारभूत कार्य सञ्चालन कार्यविधि (SOP) विमोचन

सरकारी तथा अर्धसरकारी निकायमा कार्यरत कार्यालय सहयोगी, सवारी चालक र सुरक्षा गार्डहरूका लागि कार्यविवरण, दैनिक कार्यसम्पादन प्रक्रिया, कार्यसम्पादनको अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थालाई समावेश गरी तयार गरिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) प्रदेश सरकारका निवर्तमान माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलबाट २०७९ पौष २० गते प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा विमोचन भएको थियो । उक्त कार्यविधि गण्डकी प्रदेश अन्तर्गतका मन्त्रालय, मातहतका कार्यालय, प्रदेशमा रहेका सरकारी एवम् सार्वजनिक कार्यालय र स्थानीय तहरूलाई उपलब्ध गराईसकिएको छ । कार्यविधिमा कार्यालय सहयोगीले सम्पादन गर्नु पर्ने विभिन्न किसिमको ७ वटा क्षेत्रगत कार्यविवरण, सवारी चालक र सुरक्षा गार्डको कार्यविवरण र दैनिक कार्य सम्पादन कार्यविधि, कार्यसम्पादन अभिलेखीकरण, अनुगमन, मूल्याङ्कनलाई सिलसिलाबद्ध तरिकाले समावेस गरिएको छ । यो कार्यविधि गैरसरकारी संघसंस्था र निजी क्षेत्रका व्यापारिक एवम् व्यावसायिक प्रतिष्ठानहरूका लागि समेत उपयोगी हुने अपेक्षा गरिएको छ ।





## LISA र FRA सम्बन्धी प्रशिक्षक प्रशिक्षण (TOT) सम्पन्न

स्थानीय तहले वार्षिक रूपमा गर्नुपर्ने संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण तथा आवश्यक समन्वय-सहजीकरण गर्ने प्रयोजनका लागि गण्डकी प्रदेशका सबै ११ जिल्लाका जिल्ला समन्वय समिति प्रमुख, समन्वय अधिकारी तथा कम्प्युटर अपरेटरहरूलाई लक्षित गरी दुई दिने प्रशिक्षक प्रशिक्षण (TOT) मंसिर १९ र २० गते सम्पन्न भयो । उक्त कार्यक्रममा १० जना जनप्रतिनिधि (जिल्ला समन्वय प्रमुख) र २४ जना कर्मचारी गरी जम्मा ३४ जनाको सहभागिता रहेको थियो । तालिम पश्चात् सम्बन्धित जिल्लाका स्थानीय तहका जनप्रतिनिधि तथा LISA/FRA सम्पर्क व्यक्ति एवं सूचना प्रविधि अधिकृतहरूलाई अभिमुखीकरण गर्ने र तत्पश्चात् सबै स्थानीय तहको स्वमूल्याङ्कन गर्न आवश्यक पर्ने कार्यायोजना निर्माण गरिएको थियो ।

## जिल्लास्तरीय LISA र FRA फलो-अप तालिम सम्पन्न

जिल्ला समन्वय समितिसँगको समन्वयमा गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहका लागि संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धी एक-एक दिने अभिमुखीकरण कार्यक्रम ११ वटै जिल्लामा सम्पन्न भएका छन् । स्थानीय तहले प्रत्येक वर्ष गर्नुपर्ने आफ्नो संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धी कानूनी व्यवस्था, आवश्यकता, मूल्याङ्कनको विधि, प्रक्रिया र सार्वजनिकीकरण लगायतका विषयमा स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, सम्पर्क व्यक्ति र सूचना प्रविधि अधिकृतहरूलाई सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिमा अभिमुखिकरण गरिएको थियो । उक्त कार्यक्रममा ८५ वटा स्थानीय तहका जम्मा ६९ जना जनप्रतिनिधि तथा १९० जना कर्मचारी गरी कूल २५९ जना सहभागी भएका थिए । अभिमुखीकरण पश्चात् जिल्ला समन्वय समिति समेतको समन्वय र सहजीकरणमा ८५ वटै स्थानीय तहहरूले LISA र FRA सम्पन्न गरी मूल्याङ्कनको नतिजा वेभसाइटमा समेत प्रकाशन गरिसकेका छन् ।




# क्षमता विकास सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू

## वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम सम्पन्न

स्थानीय तहका प्राविधिक कर्मचारीहरूलाई वातावरणीय प्रभाव मूल्याङ्कन (IEE, EIA, BES) सम्बन्धी ३ दिने तालिम मंसिर २८ देखि पुष १ गतेसम्म पोखरामा आयोजना भयो । वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कानूनी व्यवस्था, यसको आवश्यकता र महत्व, पूर्वाधार विकासका आयोजनाहरू निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा प्रक्रिया, प्रतिवेदन तयारी लगायतका विषयमा उक्त तालिमका शत्रहरू केन्द्रित गरिएका थिए । स्थानीय तहमा पूर्वाधार निर्माण आयोजनाहरूको कार्यान्वयन गर्दा यस विषयमा ध्यान जान सकोस् भन्ने अभिप्रायले यो तालिमको आयोजना गरिएको थियो । दुई समूहमा सञ्चालित उक्त तालिममा ५७ पुरुष र १ महिला गरी जम्मा ५८ जना प्राविधिक कर्मचारीहरूको सहभागिता रहेको थियो । त्यसैगरी प्रदेश सरकारका मन्त्रालय तथा प्रदेश मातहतका कार्यालयहरूका प्राविधिक कर्मचारीहरूलाई पनि वातावरणीय प्रभाव मूल्याङ्कन (IEE, EIA) सम्बन्धी ३ दिने तालिम पोखरामा मंसिर २७ देखि २९ गते सम्म सञ्चालन भएको



थियो । उक्त तालिममा प्रदेश सरकारका आयोजनाहरूको सन्दर्भमा वातावरणीय प्रभाव मूल्याङ्कनको आवश्यकता, औचित्य, कानूनी व्यवस्था एवम् कार्यविधि लगायतको विषयमा जोड दिइएको थियो । कार्यक्रममा २३ जना पुरुष र ३ जना महिला गरी जम्मा २६ जना प्राविधिक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## प्रदेश बालपरिषद्को क्षमता विकास कार्यक्रम सम्पन्न

गण्डकी प्रदेश बालपरिषद्का पदाधिकारीहरूको लागि क्षमता विकास कार्यक्रम गत माघ १३ गते पोखरामा सम्पन्न भयो । गण्डकी प्रदेशका सबै जिल्लाका बाल परिषद् समितिबाट प्रतिनिधित्व भएको उक्त कार्यक्रममा बाल-अधिकार, बालसंरक्षण, बालविकास, बालसहभागिता, बालमैत्री स्थानीय शासन र बालक्लबहरूको संस्थागत विकास एवम् व्यवस्थापनको विषयमा अभिमुखीकरण गरिएको थियो । बाल अधिकारको क्षेत्रमा क्रियाशील प्रशिक्षक तथा प्रतिष्ठानका सहजकर्ताहरूबाट विषयगत शत्रको सहजीकरण भएको थियो । उक्त कार्यक्रममा १८ जना पुरुष र १० जना महिला गरी जम्मा २८ जनाको सहभागिता रहेको थियो ।



## सार्वजनिक खरिद सम्बन्धी तालिम सम्पन्न

गण्डकी प्रदेश सरकारका जिल्लास्थित कार्यालयमा खरिद सम्बन्धी जिम्मेवारीमा रहेका कर्मचारीहरूका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी ३ दिने कार्यक्रम पोखरामा सम्पन्न भयो । उक्त तालिममा सार्वजनिक खरिदलाई सार्वजनिक जवाफदेहिताको औजारको रूपमा हरेक सार्वजनिक निकायले पारदर्शी, प्रभावकारी, व्यवस्थित एवम् परिणाममुखी ढङ्गले कार्य सम्पादन गर्न आवश्यक सैद्धान्तिक एवम् व्यहारिक ज्ञानसीप अभिबृद्धि गर्ने उद्देश्यले सार्वजनिक खरिद सम्बन्धी कानूनी व्यवस्थाका साथै विभिन्न किसिमका खरिदका विधि, प्रक्रिया, आवश्यक कागजात तयारी, सम्झौता व्यवस्थापन, भुक्तानी प्रक्रिया लगायत विषयलाई समेटिएको थियो । तालिम पश्चात् सम्बन्धित सार्वजनिक निकायको खरिद प्रक्रिया प्रभावकारी भई कार्यालयको कार्यसम्पादनमा सुधार हुनाको साथै बेरूजु शून्य-उन्मुख हुने अपेक्षा




गरिएको छ । माघ १२ देखि १४ गते र फागुन १ देखि ३ गते सञ्चालित तीन तालिममा ९२ पुरुष र १५ महिला गरी जम्मा १०७ जनाको सहभागिता रहेको थियो ।

## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम सम्पन्न

गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको समन्वय तथा प्रतिष्ठानको आयोजनामा स्थानीय तहका वडा सचिव (पञ्जिकाधिकारी)हरूका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी दुई दिने तालिम पोखरामा सम्पन्न भयो । तालिममा सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता जस्ता सर्वसाधारण नागरिकको सेवा र सरोकारसँग जोडिएका विषयमा व्यवहारिक समस्या समाधान र प्राविधिक अभ्यास जस्ता पक्षहरू समावेश गरिएका थिए । यस तालिमबाट वडा कार्यालयहरूबाट यससम्बन्धी सेवाप्रवाह गर्दा हुने जटिलताहरू कम भएर जाने अपेक्षा गरिको छ । माघ २२-२३ र २४-२५ गते जम्मा ४ समूहमा सञ्चालन भएका उक्त तालिमहरूमा कास्की, म्याग्दी र मुस्ताङ जिल्लाका ६९ पुरुष र ५३ महिला गरी जम्मा १२१ जना वडा सचिवहरू सहभागी भएका थिए ।



## लैससास सम्पर्क व्यक्तिको कार्यविवरण सम्बन्धी अभिमुखीकरण सम्पन्न

स्थानीय तह तथा प्रदेश मन्त्रालयका लैससास सम्पर्क व्यक्तिहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण सम्बन्धी कानूनी एवम् नीतिगत व्यवस्था, सोको कार्यान्वयन तथा लैससास सम्पर्क व्यक्तिको कार्यविवरणको बारेमा अभिमुखीकरण कार्यक्रम माघ ४, ५ र ६ गते पोखरामा सम्पन्न भयो । यी कार्यक्रमहरूबाट लैससास सम्पर्क व्यक्तिहरूले आ-आफ्नो मन्त्रालय तथा कार्यालयमा लैससास मूलप्रवाहीकरण गर्न गराउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । कार्यक्रममा लैससास सम्पर्क व्यक्तिहरूको मस्यौदा कार्यविवरण लिखित रूपमा हालसम्म नभएको सन्दर्भमा यी कार्यक्रममा छलफल गरी सोका आधारमा मस्यौदा तयार गरिएको थियो । प्रदेशका सबै स्थानीय तह र प्रदेश अन्तरगतका मन्त्रालयहरूका लैससास सम्पर्क व्यक्तिलाई लक्षित गरिएको कार्यक्रममा कूल ७९ जना कर्मचारीहरूको सहभागिता रहेको थियो, जसमध्ये २३ जना पुरुष र ५६ जना महिला रहेका थिए ।

## लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण

स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने उद्देश्यले माघ १७ देखि २० गतेसम्म ३ वटा कार्यक्रम पोखरामा सम्पन्न भए । माननीय मुख्यमन्त्री खगराज अधिकारीबाट उद्घाटन भएको उक्त कार्यक्रममा स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष तथा योजना शाखाका प्रमुखहरूलाई लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयनको औचित्य र यस सम्बन्धी नेपालको कानूनी व्यवस्था, बजेट तर्जुमा प्रक्रिया, कार्यान्वयन र यसमा जनप्रतिनिधिहरूको भूमिकाको विषयमा अभिमुखीकरण तथा अन्तरक्रिया गरिएको थियो । स्याङ्जा जिल्ला बाहेकका १० जिल्लाका सबै स्थानीय तहका लागि आयोजित जम्मा ३ वटा कार्यक्रममा ६९ जना पुरुष र ३७ जना महिला गरी कूल १०६ जना सहभागी भएका थिए । स्याङ्जा जिल्लाका स्थानीय तहका लागि भने गत जेष्ठ २४ र २५ गते उक्त कार्यक्रम सञ्चालन भएको थियो । यस्ता कार्यक्रमबाट स्थानीय तहमा तर्जुमा गरिने बजेट लैङ्गिक उत्तरदायी हुने अपेक्षा गरिएको छ ।



## दिवसीय कार्यक्रमहरू

### लैङ्गिक हिंसा विरुद्धको अभियानमुखी कार्यक्रम सम्पन्न

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (मंसिर ९ देखि २४ गते सम्म) को अवसरमा यस सम्बन्धी कानूनी सचेतना, सरोकारवालाबीच अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू सम्पन्न भए । गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्थानीय तह तथा दलित महिला संघ, जिल्ला शाखा कास्कीसँगको समन्वय तथा सहकार्यमा ३ वटा कार्यक्रमहरू आयोजना भएका थिए । उक्त कार्यक्रमहरूमा ६ जना जनप्रतिनिधि, १३२ जना कर्मचारी र ५२ जना अन्य सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरू गरी कूल १९० जनाको सहभागिता रहेको थियो ।

### अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सचेतना कार्यक्रम सम्पन्न

११३औं अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) को अवसरमा स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीय स्तरका विभिन्न संघसंस्था, संजाल, समिति, समूह एवम् नागरिक अगुवाहरूलाई लक्षित गरी एक दिवसीय अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धी कानूनी व्यवस्था र लैङ्गिक समानता प्रवर्धनका लागि स्थानीय नेतृत्वको भूमिका विषयमा अभिमुखीकरण



तथा अन्तरक्रिया गरिएको थियो । पोखरा महानगरपालिका र दलित महिला संघ, शाखा कार्यालय कास्कीको समन्वय एवम् सहकार्यमा पोखरा महानगरपालिकाको वडा नं. ५ र २१ मा क्रमशः फागुन २३ र २६ गते उक्त कार्यक्रम आयोजना भएको थियो । दुवै कार्यक्रममा महिला १०२ जना र पुरूष ३४ जना गरी जम्मा १३६ जनाको सहभागिता रहेको थियो ।

## प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलको संयुक्त आयोजनामा गण्डकी प्रदेश अन्तर्गतका तालिम केन्द्र र प्रशिक्षण प्रतिष्ठानमा कार्यरत तालिम प्रशिक्षकको पेशागत क्षमता विकास गर्ने उद्देश्यले ५ दिवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम माघ १६ देखि २० गतेसम्म प्रतिष्ठानमा सम्पन्न भयो । गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थबाट उद्घाटन भई सञ्चालन भएको उक्त कार्यक्रममा प्रशिक्षणका नविनतम सैद्धान्तिक तथा व्यवहारिक पक्षहरू, प्रशिक्षण विधि, सहजीकरण सीप लगायतका विषयमा व्यवहारिक ढङ्गले प्रशिक्षित गरिएको थियो । कार्यक्रममा गण्डकी प्रदेश अन्तर्गतका विभिन्न १४ वटा संस्थाबाट जम्मा २६ जना प्रशिक्षकहरू (१९ जना पुरूष र ७ जना महिला) को सहभागिता रहेको थियो । उक्त तालिमले गण्डकी प्रदेशका तालिम प्रदायक संस्थाले प्रदान गर्ने तालिमहरूको गुणस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।



### आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) को अभिमुखीकरण

प्रदेश सरकारका मन्त्रालय तथा प्रदेशस्तरीय कार्यालयमा कार्यरत हलुका सवारी चालक, सुरक्षा गार्ड र कार्यालय सहयोगीहरूका लागि निर्माण गरिएको आधारभूत कार्य सञ्चालन कार्यविधि (SOP) को प्रयोग सम्बन्धी एक दिवसीय अभिमुखीकरण फागुन १८ गते पोखरामा सम्पन्न भयो । सवारी चालकका लागि सवारी सञ्चालन सम्बन्धी सुरक्षा, सतर्कता र सवारी चालकको कार्यविवरण, दैनिक कार्यसम्पादन गर्दा अपनाउनु पर्ने विधिका बारेमा अभिमुखीकरण गरिएको थियो भने सुरक्षा गार्ड र कार्यालय सहयोगीका लागि विभिन्न किसियसका लागि जिल्ला ट्राफिक कार्यालयसँग समन्वय गरिएको थियो । उक्त कार्यक्रममा जम्मा २८ जना सवारी चालक र सुरक्षा गार्डको सहभागिता रहेको थियो त्यसैगरी कार्यालय सहयोगीहरूका लागि विभिन्न किसिमका क्षेतगत कार्यहरूको कार्यविवरण, दैनिक कार्यसम्पादन विधि, अभिमुखीकरण र आतिथ्यता सम्बन्धी अभिमुखीकरण गरिएको थियो । कार्यक्रममा २८ जना सवारी चालक (सबै पुरूष) तथा २९ जना कार्यालय सहयोगी र सुरक्षा गार्डको सहभागिता रहेको थियो ।



## विविध

### ISO सम्बन्धी आन्तरिक परीक्षण सम्पन्न

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले अवलम्बन गरेको गुण व्यवस्थापन प्रणाली सम्बन्धी आन्तरिक परीक्षण २०७९ फागुन ३० मा सम्पन्न भयो । प्रतिष्ठानलाई Quality Austria बाट सन् २०२२ जुन् २० मा प्राप्त गुणस्तर प्रमाण-पत्रको सर्भिलेन्स अडिटको तयारी स्वरूप उक्त परीक्षण भएको थियो ।

### प्रतिष्ठानको कार्यकारी समितिको बैठक सम्पन्न

प्रतिष्ठानको कार्यकारी समितिको बैठक २०७९ माघ १३ गते सम्पन्न भयो । उक्त बैठकमा सेवाकालीन तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ तयार गर्नुका साथै प्रतिष्ठानको प्रगति समीक्षा गरिएको थियो ।

### सेवाकालीन तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण

प्रतिष्ठानद्वारा सञ्चालन हुँदै आइरहेका सहायक र अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिमलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नको लागि निर्मित कार्यविधि प्रशिक्षण परिषद्को पाँचौं बैठकले स्वीकृत गरेको छ । उक्त कार्यविधिले तालिमको समग्र व्यवस्थापनलाई स्तरीय (Standardize) गर्न मद्दत पुग्ने अपेक्षा राखिएको छ ।